# भूलसुधार

खण्ड ३० मिति २०३७।२।१३, संख्या ७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा देहायबमोजिम भूलसुधार गरिएको छ ।

(१) नियम ४ को उप-नियम (१) को दोस्रो हरफमा रहेको "इजाजतपत्र दिन" हुनुपर्नेमा "इजाजतपत्र दिने" हुन गएको,

(२) नियम ६ को खण्ड (ट) को पहिलो हरफमा "नागरिकलाई" हुनुपर्नेमा "नागरिकतालाई" हुनगएको,

(३) नियम १० को उप-नियम (१) मा "पर्यटकले हिमाली क्षेत्रमा ट्रेकिङ गर्न जाँदा आफ्नो साथमा लैजाने भरियानाइकेको एकलाख रूपैयाँ र भरियाको पच्चीसहजार रूपैयाँ दुर्घटना बीमा गराई दिनु पर्नेछ । यदि कुनै कारणवस बीमा हुन नसकेको खण्डमा पनि यस्तो भरियानाइके वा भरिया दुर्घटना भई मृत्यु भएमा भरियानाइकेको एकलाख र भरियाको पच्चीसहजार रूपैयाँ क्षतिपूर्ति बापत मृतकको नजीकको नातेदारलाई दिलाई दिने कर्तव्य सम्बन्धित ट्रेकिङ एजेन्सीको हुनेछ ।" हुनुपर्नेमा "पर्यटकले हिमाली क्षेत्रमा ट्रेकिङ गर्न जाँदा आफ्नो साथमा लैजाने भरिया वा भरियानाइकेको एकलाख दुर्घटना बीमा गराई दिनु पर्नेछ । यदि कुनै कारणवस बीमा हुन नसकेको खण्डमा पनि यस्तो भरिया वा भरियानाइकेको दुर्घटना भई मृत्यु भएमा एकलाख क्षतिपूर्ति निजको नजीकको नातेदारलाई दिलाई दिने कर्तव्य सम्बन्धित ट्रेकिङ एजेन्सीको हुनेछ।" हुनगएको,

(४) नियम १० को उप-नियम (३) को पहिलो हरफमा रहेको "माथि उप-नियम (१)" हुनुपर्नेमा "माथि उप-दफा (१)" हुनगएको,

(५) नियम १० को उप-नियम (४) को अन्तिम हरफमा "पर्यटकले उपलब्ध गराउनु पर्नेछ" हुनुपर्नेमा "पर्यटकले उपलब्ध गराइनु पर्नेछ" हुनगएको,

(६) अनुसूची २ को नं. ४ को शर्तको पहिलो हरफमा "कम्तीमा १२ सीट" हुनुपर्नेमा "कम्पनीमा १२ सिट" हुनगएको,

(७) अनुसूची २ को नं. ७ (क) को पहिलो हरफमा "कार्यकारी संचालक" हुनुपर्नेमा "कार्यकारी संचालन" हुनगएको, र

(८) अनुसूची २ को नं. ९ को शर्तको १० सौं हरफमा "अधिकार प्राप्त व्यक्ति" हुन पर्नेमा "अधिकार व्यक्ति" हुनगएकोले भूलसुधार गरिएको छ ।

पर्यटन मन्त्रालय

२२८

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।